जिल्ला प्रशासन कार्यालय, रसुवा
दर्ता नं. ६०२६
मितिः २०८२/०९/३०

श्री प्रशासन शाखा
अभिलेख राख्ने।
CPAS मा अपलोड गर्ने।
२०८२/०९/३०

मितिः २०८२।०९।३०

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, रसुवा।

विषयः होटल अनुगमन गरी प्रतिवेदन पेश गरिएको सम्बन्धमा।

उपरोक्त विषयमा प्रमुख जिल्ला अधिकारीज्यूको निर्देशन बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालय, उद्योग तथा वाणिज्य कार्यालय, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, जिल्ला प्रहरी कार्यालय, होटल तथा पर्यटन व्यवसायी संघ, रसुवा च्याम्बर अफ कमर्स, उपभोक्ता हकहित संरक्षण मञ्च, घरेलु तथा साना उद्योग महासंघ तथा स्थानीय पत्रकारहरुसँगको समन्वयमा मिति २०८२/०९/२९ गते सहायक प्रमुख जिल्ला अधिकारी श्री द्रुव प्रसाद अधिकारीको संयोजकत्वमा रसुवा जिल्ला गोसाईकुण्ड गाउँपालिका वडा नं. ६ धुन्चे बजारस्थित होटल तथा रेष्टुरेन्टहरूका विषयमा प्राप्त हुन आएका असन्तुष्टि, गुनासो तथा उजुरी लगायतका विषयलाई मध्यनजर गरी होटल तथा रेष्टुरेन्टबाट हुने सेवा प्रवाह, सरसफाई व्यवस्थापन, दैनिक उपभोग्य वस्तु बिक्रीस्थल/गोदामहरूको स्थलगत रुपमा अनुगमन/निरीक्षण गरी सो को प्रतिवेदन देहाय बमोजिम रहेको व्यहोरा सादर अनुरोध गर्दछौं।

## पृष्ठभूमिः

जिल्ला प्रशासन कार्यालय, स्थानीय प्रशासन, प्रदेशस्तरीय कार्यालय, स्थानीय तहसँगको समन्वय एवम् सहजीकरणमा नागरिकको जीवनयापनलाई सरल, सहज, स्वस्थ एवम् गुणस्तरीय बनाउनु प्रत्येक लोकतान्त्रिक सरकारको दायित्व रहन्छ। प्रभावकारी ढंगले जनहित तथा मानवीय संवेदनशीलता समेतलाई ध्यानमा राखी गुणस्तरीय उपभोग गर्न पाउनु व्यक्तिको मानव अधिकारले सुनिश्चित गरेको विषय हो। अधिकार प्राप्त निकायले समय समयमा विद्यमान ऐन, प्रचलित कानून अनुसार सञ्चालन भए/नभएको, म्याद गुज्रेका खाद्यान्न तथा अन्य दैनिक उपभोग्य बस्तुहरूको बिक्री वितरण, भण्डारण गरे/नगरेको, व्यवसायको साईन बोर्ड तथा मुल्यसूची सबैले देख्ने गरी राखे/नराखेको, बील बीजक जारी गरे/नगरेको, तोकिएको समयभित्र कर तिर्ने गरे/नगरेको, कानून निर्धारित अन्य विषयहरू पालना गरे/नगरेको, अखाद्य बस्तुको मिसावट गरी बेचबिखन गर्ने गरे/नगरेको, उपभोक्ताको छनौटको अधिकार संकुचन गरे/नगरेको, खाद्यबस्तु गुणस्तरीय भए/नभएको सम्बन्धमा एकाधिकार कालाबजारी जस्ता उपभोक्ता हित विपरितका संवेदनशील क्रियाकलाप न्यूनीकरणका लागि अनुगमन तथा निरीक्षण गर्नुपर्ने देखिन्छ।

अनुगमन बिधिः

व्यवसाय/पसल वा स्टोरमा रहेको बिभिन्न खाद्यवस्तुहरू तथा अन्य मालसामानहरू प्रत्यक्ष रुपमा अनुगमन गरी म्याद गुर्जेको वा गुणस्तरको सामान्य चेकजाँच गर्ने गरिएको। अवलम्बन गर्नुपर्ने कानूनी प्रक्रियाहरु आत्मसाथ गरेर व्यवसाय सञ्चालन गरे/नगरेको, दर्ता/नवीकरण, बील/बीजक, कर चुक्ता, अन्तशुल्क अनुमती लगायतका कानून बमोजिमका गतिविधि गरे/नगरेको एवम् सरसफाई लगायतका अन्य व्यवस्थापकीय पाटोका सन्दर्भमा समेत अनुगमन गरिएको।

समस्याः

- अन्त शुल्क इजाजत पत्र नलिई मदिराजन्य एवम् सुर्तिज्नय सामग्री बेचबिखन गर्ने गरेको,
- नियमित रुपमा बील बिजक जारी गर्ने नगरेको,
- एक आपसमा मिलेमतो गरी एकाधिकारको अवस्था सिर्जना गर्ने गरेको,
- व्यवसाय दर्ता, नवीकरण तथा अन्तःशुल्कको बारेमा शिक्षाको अभाव,
- व्यवसायीहरुको व्यवस्थापकीय पक्ष कमजोर रहेको,
- सरसफाई व्यवस्थापनमा न्यून ध्यान दिने गरेको,
- अरुले पनि गरेको छ म नि गरु भन्ने देखासिकीको कमजोर प्रवृत्ति,
- अधिक नाफामुखी भएर व्यवसाय सञ्चालन गर्ने गरेको,
- खरिद/तयार गरिएका खाद्य सामग्रीहरूको उल्लेखित म्यादभित्र बिक्री हुने सम्भावना कम रहेको,
- दर्ता प्रकृयाको बारेमा जानकारी लिन नखोज्ने प्रवृति रहेको,
- समयमा तिर्नु बुझाउनु पर्ने कर सम्बन्धमा कर शिक्षाको अभाव,
- विगतका दिनहरुमा राज्यको कमजोर उपस्थिति रहेको गुनासो,
- धेरै ठाउँमा व्यवसाय दर्ता गर्ने भन्ने कुरामा द्विविधा उत्पन्न,
- उपभोक्ताको स्वास्थ्य तथा अधिकारलाई ध्यान नदिने गरेको।

अनुगमनका सहभागीहरूः

जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा गोसाईकुण्ड गाउँपालिका, कोष तथा लेखा नियन्त्रक कार्यालय, उद्योग तथा वाणिज्य कार्यालय, जिल्ला स्थित सबै सुरक्षा निकाय लगायतका तपसिलमा उल्लेखित सरोकारवालाहरू सहितको निम्नानुसारका संयुक्त अनुगमन टोली रहेको।

| क्र.स. | नाम,थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| १. | श्री द्रुव प्रसाद अधिकारी | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| २. | श्री रमेश पौडेल | कार्यालय प्रमुख | उद्योग तथा वाणिज्य कार्यालय, रसुवा |
| ३. | श्री सुदिप खनाल | कोष नियषन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय, रसुवा |

| क.स. | नाम,थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| ४. | श्री सुजता श्रेष्ठ | नायब सुब्बा | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| ५. | श्री सुर्य बहादुर थोका | सहायक कम्प्युटर अपरेटर | उद्योग तथा वाणिज्य कार्यालय, रसुवा |
| ६. | श्री पवन बस्नेत | खरिदार | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| ७. | श्री ओमप्रकाश यादव | वरिष्ठ अनुसन्धान सहायक | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रसुवा |
| ८. | श्री कैलाश देवकोटा | खरिदार | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| ९. | श्री बाबुलाल तामाङ | अध्यक्ष | रसुवा नागरिक समाज |
| १०. | श्री विशाल घले | अध्यक्ष | होटल तथा पर्यटन व्यवसायी संघ, रसुवा |
| ११. | श्री सन्जिव अमात्य | अध्यक्ष | रसुवा च्याम्बर अफ कमर्स, रसुवा |
| १२. | श्री गंगा मिजार | पत्रकार | रेडियो रसुवा |
| १३. | श्री सरस्वती न्यौपाने | पत्रकार | त्रिशुली प्रवाह |
| १४. | श्री विश्व कुमार घले | अध्यक्ष | उपभोक्ता हकहित संरक्षण मञ्च, रसुवा |
| १५. | श्री लामा साम्देन घले | अध्यक्ष | घरेलु तथा साना उद्योग महासंघ, रसुवा |
| १६. | श्री चरित्र घिसिङ | प्रहरी हवलदार | अस्थायी प्रहरी पोष्ट, धुन्चे |
| १७. | श्री ज्ञान ब. गादा | प्रहरी जवान | अस्थायी प्रहरी पोष्ट, धुन्चे |
| १८. | श्री पारस मिजार | प्रहरी जवान | अस्थायी प्रहरी पोष्ट, धुन्चे |

# होटेल व्यवसायहरुमा अनुगमनको क्रममा भएको निर्देशन तथा अन्य विवरण

| क्र.सं. | व्यावसायको विवरण | स्थायी लेखा नं. | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत (उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम भएको जरिवाना) |
|---|---|---|---|---|---|
| १. | सोनिया होटल एण्ड लज | ६००३५९८४५ | • कारोबार बमोजिमको बीजक जारी नभएको,<br>• मूल्यसूचि नराखेको,<br>• म्याद गुज्रेको सामान पाइएको। | • प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• मूल्यसूचि अनिवार्य राखे,<br>• म्याद गुज्रेको सामान नराखे। | म्याद गुज्रिएका ७ प्याकेट अकबरे चिप्स, ७ प्याकेट म्याङ्गो जुस, २६ सिसा बोत्तल स्प्राइट र ६ सिसा बोत्तल फ्यान्टा जफत गरिएको। उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम सामान्य सचेतना स्वरुप रू.५,०००।- (अक्षेरुपी पाँच हजार) जरिवाना गरिएको। |
| २. | पवन मिठाई पसल एण्ड रोहन फेन्सी पसल | ६०७२९७१४८ | • कारोबार बमोजिमको बीजक जारी नभएको,<br>• मूल्यसूचि नराखेको,<br>• म्याद गुज्रेको सामान पाइएको।<br>• फोहोरमैला व्यवस्थापनका लागि डस्टविन लगायतका सामाग्रीको व्यवस्था नभएको। | • प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• मूल्यसूचि अनिवार्य राखे,<br>• म्याद गुज्रेको सामान नराखे,<br>• सरसफाईमा उचित ध्यान दिने,<br>• फरक फरक प्रकृतिका व्यवसाय छुट्टाछुटै दर्ता गरि सञ्चालन गर्ने। | म्याद गुज्रिएक १ सिसा बोत्तल स्प्राइट, ७ सिसा बोत्तल फ्यान्टा र ६ सिसा बोत्तल कोक जफत गरिएको। उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम सामान्य सचेतना स्वरुप रू.५,०००।- (अक्षेरुपी पाँच हजार) जरिवाना गरिएको। |
| ३. | पाण्डेय होटल एण्ड लज | ३०३५२३७७० | • कारोबार बमोजिमको बीजक जारी नभएको।<br>• मूल्यसूचि नराखेको,<br>• फोहोरमैला व्यवस्थापनका लागि डस्टविन लगायतका सामाग्रीको व्यवस्था नभएको। | • प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• मुल्यसूची अनिवार्य राखे,<br>• फोहोरमैला व्यवस्थापनमा ध्यान दिने। | उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम सामान्य सचेतना स्वरुप रू.५,०००।- (अक्षेरुपी पाँच हजार) जरिवाना गरिएको। |
| ४. | ब्लु डायमण्ड | ६२०००२६२४ | • कारोबार बमोजिमको बीजक जारी | • प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक | उपभोक्ता संरक्षण ऐन, २०७५ |

| क.सं. | व्यावसायको विवरण | स्थायी लेखा नं. | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत (उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम भएको जरिवाना) |
|---|---|---|---|---|---|
| | रेष्टुरेण्ट | | नभएको,<br>• मुल्यसूची नराखेको। | जारी गर्ने,<br>• मुल्यसूची अनिवार्य राख्ने,<br>• सरसफाईमा उचित ध्यान दिने।<br>• मुल्यसूची अनिवार्य राख्ने। | बमोजिम सामान्य सचेतना स्वरुप रू.५,०००।- (अक्षेरुपी पाँच हजार) जरिवाना गरिएको। |
| ५. | आरुषी खाजा घर | - | • कारोबार बमोजिमको बीजक जारी नभएको,<br>• अन्तःशुल्क इजाजत पत्र नलिई मदिराजन्य तथा सुर्तिजन्य पदार्थको बिक्री वितरण भएको,<br>• मुल्यसूचि नराखेको,<br>• फोहोरमैला व्यवस्थापनका लागि डस्टविन लगायतका सामाग्रीको व्यवस्था नभएको,<br>• एउटै दर्ता प्रमाणपत्रबाट फरक फरक व्यक्तिले व्यवसाय सञ्चालन गरेको पाइएको। | • प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• अन्तःशुल्क इजाजत पत्र लिएर मात्र मदिराजन्य तथा सुर्तिजन्य पदार्थको बिक्री वितरण गर्ने,<br>• मुल्यसूचि अनिवार्य राख्ने,<br>• फोहोरमैला व्यवस्थापनमा ध्यान दिने।<br>• छुट्टाछुट्टै व्यवसाय दर्ता गरी सञ्चालन गर्ने, | उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम सामान्य सचेतना स्वरुप रू.५,०००।- (अक्षेरुपी पाँच हजार) जरिवाना गरिएको। |
| ६. | मल्ल मिट सप्लायर्स | ६१०८३९८४७ | • दर्ता र कारोबारको प्रकृति नमिलेको,<br>• अन्तःशुल्क इजाजत पत्र नलिई मदिराजन्य तथा सुर्तिजन्य पदार्थको बिक्री वितरण भएको,<br>• साईनबोर्ड र मूल्यसुचि नभएको,<br>• फोहोरमैला व्यवस्थापनका लागि डस्टविन लगायतका सामाग्रीको व्यवस्था नभएको। | • दर्ता र कारोबारको प्रकृतिमा एकरुपता कायम गर्ने,<br>• अन्तःशुल्क इजाजत पत्र लिएर मात्र मदिराजन्य तथा सुर्तिजन्य पदार्थको बिक्री वितरण गर्ने,<br>• साईनबोर्ड र मुल्यसूचि अनिवार्य राख्ने,<br>• फोहोरमैला व्यवस्थापनमा ध्यान दिने। | लोकल मदिरा १ ग्यालिन जफत गरिएको। उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम सामान्य सचेतना स्वरुप रू.५,०००।- (अक्षेरुपी पाँच हजार) जरिवाना गरिएको। |
| ७. | रविन बेकरी क्याफे | ६१८१९१४८४ | • कारोबार बमोजिमको बीजक जारी | • प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक | उपभोक्ता संरक्षण ऐन, २०७५ |

| क्र.सं. | व्यावसायको विवरण | स्थायी लेखा नं. | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत (उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम भएको जरिवाना) |
|---|---|---|---|---|---|
| | | | नभएको,<br>• Smoking zone छुट्टै नभएको। | जारी गर्ने,<br>• Smoking zone छुट्टै राख्ने। | बमोजिम सामान्य सचेतना स्वरुप रू.५,०००।- (अक्षेरुपी पाँच हजार) जरिवाना गरिएको। |
| ८. | दोलखा होटल एण्ड लज | - | • व्यवसाय दर्ता नभएको,<br>• म्याद गुज्रिएको सामान भेटिएको,<br>• मूल्यसूचि नराखेको। | • भर्खरै मात्र व्यवसाय अनौपचारिक रुपमा सञ्चालनमा आएको देखिएकोले अनुगमन भएको मितिले ७ दिनभित्र सम्बन्धित निकायमा व्यवसाय दर्ता गर्ने,<br>• दर्ता पश्चात अन्तःशुल्क इजाजत पत्र लिएर मात्र मदिराजन्य तथा सुर्तिजन्य पदार्थको बिक्री वितरण गर्ने,<br>• म्याद गुज्रिएको सामान नराख्ने,<br>• मूल्यसुचि अनिवार्य राख्ने। | म्याद गुज्रिएको ९ प्लास्टिक बोत्तल फ्यान्टा, ४ प्लास्टिक बोत्तल स्प्राइट, १ प्लास्टिक बोत्तल कोक, ६ सिसा बोत्तल फ्यान्टा, १२ सिसा बोत्तल कोक जफत गरिएको। |
| ९. | सुस्मिता खाजा घर | ६१२५८०११२ | • कारोबार बमोजिमको बीजक जारी नभएको,<br>• मूल्यसुचि नराखेको,<br>• फोहोरमैला व्यवस्थापनका लागि डस्टबिन लगायतका सामाग्रीको व्यवस्था नभएको। | • प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• मूल्यसुचि अनिवार्य राख्ने,<br>• फोहोरमैला व्यवस्थापनमा ध्यान दिने। | |
| १०. | निमा म.म. पसल | ६०९०१७६४९ | • मूल्यसुचि नभएको,<br>• फोहोरमैला व्यवस्थापनका लागि डस्टबिन लगायतका सामाग्रीको व्यवस्था नभएको। | • मूल्यसुचि अनिवार्य राख्ने,<br>• फोहोरमैला व्यवस्थापनका लागि डस्टबिन लगायतका सामाग्रीको व्यवस्था नभएको,<br>• बिल बिजक छपाई गरी जारी गर्ने। | |

| क्र.सं. | व्यावसायको विवरण | स्थायी लेखा नं. | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत (उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम भएको जरिवाना) |
|---|---|---|---|---|---|
| ११. | हिमालय खाजा घर | ६१८१४२७५२ | • मूल्यसुचि नभएको,<br>• फोहोरमैला व्यवस्थापनका लागि डस्टविन लगायतका सामाग्रीको व्यवस्था नभएको। | • मूल्यसुचि अनिवार्य राख्ने,<br>• फोहोरमैला व्यवस्थापनमा ध्यान दिने,<br>• बिजक सकिएकोले नयाँ छपाई गरी बिल बिजक जारी गर्ने। | |
| १२. | शिलु रेष्टुरेण्ट एण्ड म:म सेन्टर | ६००३५९६३६ | • व्यवसाय नवीकरण नभएको,<br>• मूल्यसुचि नभएको,<br>• फोहोरमैला व्यवस्थापनका लागि डस्टविन लगायतका सामाग्रीको व्यवस्था नभएको। | • अनुगमन भएको मितिले ३ दिनभित्र सम्बन्धित निकायमा व्यवसाय नवीकरण गर्ने,<br>• मूल्यसुचि अनिवार्य राख्ने,<br>• फोहोरमैला व्यवस्थापनमा ध्यान दिने। | |
| १३. | द धुम्देङ कोदाव रिसोर्ट एण्ड गेस्ट हाउस | ६०२१९३०८८ | - | • बिजकको ढाँचा परिवर्तन गरी सबै कारोबार देखिने गरी बिजक जारी गर्ने।<br>• व्यवसाय व्यवस्थापन उत्कृष्ट रहेकोले निरन्तरता दिने। | |
| १४. | सुप्रिया होटल एण्ड लज | - | • व्यवसाय दर्ता नभएको,<br>• मूल्यसूचि नभएको। | • भर्खरै मात्र अनौपचारिक रुपमा व्यवसाय सञ्चालनमा आएको देखिएकाले अनुगमन भएको मितिले ७ दिनभित्र सम्बन्धित निकायमा व्यवसाय दर्ता गरी अन्तःशुल्क इजाजत पत्र एवम् बिल बिजक लगायतको प्रबन्ध गर्ने। | |
| १५. | होटल लाङटाङ भ्यू | ३००३४१८७८ | - | • व्यवसाय व्यवस्थापन उत्कृष्ट रहेकोले निरन्तरता दिने। | |
| १६. | नोर्लिङ होटल एण्ड लज | ६००३५९६६५ | • मूल्यसुचि नभएको,<br>• व्यवसाय सम्बन्धित निकायमा दर्ता | • मूल्यसुचि अनिवार्य राख्ने,<br>• बिजकको ढाँचा परिवर्तन गर्ने, | |

| क्र.सं. | व्यावसायको विवरण | स्थायी लेखा नं. | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत (उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम भएको जरिवाना) |
|---|---|---|---|---|---|
| | | | नभएको। | • सम्बन्धित निकायमा व्यवसाय दर्ता गर्ने। | |
| १७. | दुधकुण्ड होटल एण्ड लज | ६०७६८४६३० | - | • व्यवसाय व्यवस्थापन राम्रो देखिएकोले निरन्तरता दिने। | |
| कूल जम्मा | | | | | ३५,०००।- (पैतिस हजार मात्र) |

<u>समष्टिगत रुपमा भएका निर्देशनहरू:-</u>

- स्थायी लेखा नं.मा आवद्धता, व्यावसाय दर्ता, आवधिक रुपमा नवीकरण, समायिक रुपमा कर भुक्तानी, अन्तशुल्क इजाजतपत्र लगायतका कागजातहरू तयार गरी सबैले देखे स्थानमा राखे।
- प्रत्येक कारोबारको अनिवार्य रुपमा बिजक जारी गर्ने।
- मूल्यसूची अनिवार्य रुपमा राखे।
- म्याद गुज्रेका सामानको बिक्री वितरण नगर्ने।
- शयन कक्ष, भान्छा घर, शौचालय लगायत व्यवसायका समष्टिगत पक्षहरूलाई पूर्ण सरसफाईयुक्त बनाउने।
- निर्धारित बजार मूल्य भन्दा अधिक सेवा शुल्क नलिने।
- संबिधान प्रदत्त उपभोक्ताको हक संकुचन नहुने गरी उपभोक्ता संरक्षण ऐन, २०७५ श्रम ऐन, २०७४ लगायतका सम्बन्धित प्रचलित कानूनहरूको अनुपालना गर्ने/गराउने।

निष्कर्ष:

रसुवा जिल्ला एक धार्मिक एवम् पर्यटकीय हिसाबले आन्तरिक तथा बाह्य पर्यटकहरू एवम् श्रद्धालु भक्तजनको आवागमन हुने गरेको विदितै छ। ग्राहकहरूको गुनासो एवम् कार्यालयको नियमित कार्य अन्तरगत खाजा, खाना खानेस्थल, दैनिक उपभोग्यजन्य खाद्य सामग्री तथा मालसामानहरूको अनुगमनको सिलसिलामा बिभिन्न होटेल तथा रेष्टुरेन्टहरूको समय समयमा अनुगमन गर्दा विद्यमान कानून परिपालनमा टेवा पुऱ्याउनुको साथै उपभोक्ताहरूको उच्चतम हित प्रवर्द्धन गर्न होटेल सञ्चालकहरूलाई जिम्मेवार बनाइएको छ। कानून तथा मापदण्ड विपरित सञ्चालन गर्ने कार्य निरूत्साहित हुने अपेक्षा गरिएको छ। अनुगमन गर्दा प्रचलित कानून, अवलम्बन गर्नु पर्ने कार्यविधि र उपभोक्ता हकहित संरक्षण सम्बन्धमा व्यावसायी तथा उपभोक्ताहरू जानकार नहुँदा प्रभावकारी सेवा वितरणमा समस्या सिर्जना भएको देखिन्छ। यसका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट अन्तःशुल्क इजाजत पत्र सम्बन्धी, उद्योग तथा वाणिज्य कार्यालयबाट उद्योग/व्यवसाय दर्ता/नवीकरण सम्बन्धी, स्थानीय तहबाट फोहोर व्यवस्थापन तथा उपभोक्ता हकहित सम्बन्धी जानकारी एवम् सन्देशमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

प्रतिवेदक:

श्री द्रुव प्रसाद अधिकारी, स.प्र.जि.अ.

श्री सुजता श्रेष्ठ, नायब सुब्बा

श्री पवन बस्नते, खरिदार


श्री कैलाश देवकोटा, खरिदार


<u>अनुगमनका केहि तस्वीरहरू:</u>













नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा












नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा





